मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २० गते मंगलबार ❑ 5 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## राजनीति सेवाका लागि हो भन्ने भावना हुनुपर्छः कावा प्रधानमन्त्री सिंह

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

कार्यवाहक प्रधानमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाशमान सिंहले राजनीति सेवाका लागि हो भन्ने भावना हुनु जरुरी रहेको बताउनुभएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिद्वारा सोमबार पोखरामा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले राजनीतिक नेतृत्वले जनताको मन जित्न सक्नुपर्ने बताउनुभयो।

नेपाली कांग्रेसको महाधिवेशन नजिकिँदै गरेका सन्दर्भमा पार्टीका महाधिवेशन, महासमिति, पालिका आदिमा नेतृत्व चयनमा बुझेका र योगदान गर्नसक्ने व्यक्तिलाई छनोट गर्नुपर्ने उहाँको भनाइ छ।



पार्टीबाट लिनेभन्दा पनि योगदान गर्नसक्ने व्यक्तिलाई जिम्मेवारी दिनुपर्ने उल्लेख गर्दै उहाँले जिम्मेवारी र इमान्दारिता आत्मसात् गर्नसक्ने व्यक्तिलाई अवसर दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपाली कांग्रेस र नेकपा (एमाले)को वर्तमान गठबन्धन सरकार समय परिस्थितिले गठन भएको उल्लेख गर्दै उहाँले सरकारमा जानु भनेको जनताका एजेन्डा उठान गर्नका लागि भएको धारणा राख्नुभयो । पार्टीलाई नियमसङ्गत ढङ्गले संस्थागत गर्नुपर्ने उल्लेख गर्दै उहाँले पार्टी बलियो भयो भने पार्टीका स्थापनाकालीन सपनालाई पूरा गर्न सहयोग पुग्ने बताउनुभयो।

हरेक प्रजातान्त्रिक आन्दोलनले हासिल गरेका उपलब्धिलाई संस्थागत गर्नु जरुरी भएको उहाँको भनाइ छ। हामीले परिवर्तनबाट प्राप्त गरेका अधिकारको मूल्य बिर्सन नहुने बताउँदै उहाँले मूल्यमान्यताको राजनीतिबाट विमुख बन्न नहुने बताउनुभयो।

नेपाली कांग्रेसका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले पार्टीका ऐतिहासिक विरासतलाई विर्सदै जाँदा पार्टी सङ्गठन कमजोर बनिरहेको बताउनुभयो। पछिल्लो समयमा भ्रष्टाचार बढिरहेको उल्लेख गदै उहाँले भ्रष्टाचार नियन्त्रणसँगै जनताको अपेक्षालाई सम्बोधन गर्ने ढङ्गबाट सरकार अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । कार्यक्रममा पार्टीका केन्द्र, प्रदेश र स्थानीय तहका नेता तथा कार्यकर्ताको उपस्थिति थियो।

## घर बनाउने आश्वासन पछि हायु परिवार गाउँ फर्किंदै

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन



सिन्धुलीबाट पोखरा आउनु भएको हायु परिवारका सदस्यको टोली एक साता पोखरा बसाई पछि अन्ततः आफ्नै गाउँ फर्किएको छ।

सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ छेत्पाबाट वेपत्ता भएको उर्मिला हायु सहितको टोलीलाई आज पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य सहितको टोलीले बिदाई गर्नु भएको छ । हायु परिवारका ज्येष्ठ सदस्य उर्मिला हायु सहित २२ जनाको टोलीलाई सवारी साधनको व्यबस्था गदै पोखरा महानगरले बिदाई गरेको हो। सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ का वडा अध्यक्ष रविन कुमार श्रेष्ठ हायु परिवारलाई लिन पोखरा आए पछि टोलीलाई पोखराबाट बिदाई गरिएको हो । अध्यक्ष श्रेष्ठले उहाँहरुलाई हाल आफ्नै घरमा अल्पकालिन समयको लागि व्यबस्थापन गर्ने काम समेत खोज्ने र जति सक्दो छिटो घर बनाइदिने आश्वासन दिए पनि गाउँ नफर्किर्ने अडान राखेको हायु परिवार अन्ततः आफ्नो थाक थलो फर्किन राजी हुनु भएको हो । टोलीमा हायु परिवारका ज्वाई धन बहादुर तामाङ सहितको टोली सुड्गुरे भन्ने स्थानमा हाल केही समयको लागि बस्ने भएको छ । वडाध्यक्ष श्रेष्ठले आफ्नो वडाबासीको खुसिको लागि उहाँहरुले भने अनुसारको घरको उचित व्यबस्था गर्ने बताउनु भयो। टोलीले पोखरामा एक साता विताएसंगै पोखराको फेवाताल ताल बराही मन्दिरको समेत दर्शन गरेको थियो।

सिन्धुलीबाट केही दिन अघि देखि बेपत्ता हुनु भएको हायु परिवारको टोलीलाई कास्की प्रहरीले उहाँका आफन्तलाई एक साता अघि नै जिम्मा लगाएको थियो । पोखरा महानगरपालिका वडा नम्बर ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदी लगायतको रोहबरमा उहाँहरुलाई आफन्तको जिम्मा लगाइएको थियो। अघिल्लो शनिबार पोखरामा बसेर आइतबार पोखराको जननी होटलबाट चेक आउट भई गगनगौडामा कामको खोजिमा गएको अबस्थामा प्रहरीले उहाँहरुलाई भेटाएको थियो । तनहुँको सुक्ला गण्डकी स्थित कोत्रेमा बस्दै आउनु भएको तामाङले हायु परिवारका जेठी छोरी कमला हायुसंग विवाह गर्नु भएको थियो । हायु परिवारका सदस्यहरु सिन्धुलीमा पटक पटक बिरामी हुने, काम खोज्दा पनि काम नपाउने, टाढा बिद्यालय भएकोले बालबालिकहरुलाई बिद्यालय पठाउन कठिन, पानी ल्याउन समेत घण्टौं समय लाग्ने लगायतका कारणले गर्दा अर्कोको घरमा बसेको उक्त घर नै छाडेर हिडेको तामाङ समक्ष गुनासो गर्नु भएको थियो । कामको खोजि गर्दै गगनगौंडाको सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा पुगेर बाडिएर बस्नु भएको हायु परिवारलाई प्रहरीले यहाँबाट आफन्तको जिम्मा लगाएको थियो । सिन्धुलीको गोलन्जोर गाउँपालिकाका अध्यक्ष शंकरराज बरालले हायु परिवारका धेरै जनाको विवाह भएकोले उहाँहरु आफु खुसि कामको खोजिमा हिडेकोले यदि आफ्नो गाँउ फर्किएमा आवश्यक सहयोग गर्ने बताउनु भयो।

## प्रदेश प्रमुख भट्टद्वारा मगर र गुरुङ भाषासम्बन्धी बनेको विधेयक प्रमाणीकरण

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले प्रदेश सभाबाट पारित भई आएका दुई वटा विधेयक संविधानको धारा २०१ को उपधारा (२) बमोजिम आज (सोमबार) प्रमाणीकरण गर्नुभएको छ।

गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' प्रमाणीकरण गर्नुभएको हो। गत १२ गते प्राप्त भएको पत्र सोमबार प्रमाणीकरण भएको प्रदेश प्रमुख कार्यालयका सहायक प्रवक्ता सीता सापकोटा सुवेदीले जानकारी दिनुभयो । आदिवासी जनजाति आयोगले गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्न सिफारिस गरेको थियो। २०७८ को जनगणना अनुसार गण्डकी प्रदेशको जनसंख्या २४ लाख ६६ हजार ४ सय २७ छ । त्यसमध्ये ४ लाख ६४ हजार ३ सय १० (१८.८ प्रतिशत) मगर र २ लाख ७२ हजार २ सय ७० (११ प्रतिशत) गुरुङ समुदायका छन्। देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरक्त मगर र गुरूङ भाषाको लागि प्रयोग लिपिलाईसमेत सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्नुपर्ने विधेयकमा उल्लेख छ। सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्नुपर्ने विधेयकमा उल्लेख छ।

## गण्डकीमा ८९ प्रतिशत रोपाइँ

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

गण्डकी प्रदेशमा हालसम्म ८९ प्रतिशत रोपाइँ भएको छ । प्रदेश कृषि विकास निर्देशनालयका अनुसार प्रदेशमा हालसम्म ८३ हजार ७९४ हेक्टर क्षेत्रफल अर्थात् ८८ दशमलव ९७ मा रोपाइँ गरिएको हो। यस वर्ष ९४ हजार १८२ हेक्टरमा रोपाइँ हुने अनुमान रहेको निर्देशनालयका कृषिअर्थ विज्ञ मनोज पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार सबैभन्दा बढी बागलुङमा ९६ दशमलव ८१ प्रतिशत, लमजुङमा ९५ दशमलव २८ प्रतिशत, कास्कीमा ९५ प्रतिशत, तनहुँमा ९१ प्रतिशत, म्याग्दीमा ९० दशमलव ०१ प्रतिशत, पर्वतमा ९० प्रतिशत, नवलपुरमा ७९ दशमलव २७, स्याङ्जामा ८८ दशमलव ४९ र गोरखामा ८४ दशमलव ०७ प्रतिशत रोपाइँ भएको हो। गण्डकीमा सावित्री, रामधान, जेठोबुढो, खुमल, सुक्खा, एक्ले, पहेँले, गौरिया, मनुसली, सुनौलो सुगन्धलगायत जातका धानखेती गरिन्छ। प्रदेशको कूल चार लाख ७९ हजार ६१७ हेक्टर खेतीयोग्य जमिनमध्ये बर्खे र चैते गरी झण्डै एक लाख हेक्टरमा धानखेती हुने गरेको छ । हिमालपारिको जिल्ला मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा धानखेती हुँदै आएको छ । गत वर्ष ९६ हजार ५३ हेक्टरमा धानखेती गरिएकामा यस वर्ष धानखेतीको क्षेत्रफल घटेको हो । घरघडेरीले धानको उब्जाउ क्षेत्र नासिनु, तीव्र सहरीकरणजस्ता कारणले धान खेतीको क्षेत्रफल खुम्चँदै गएको छ । क्षेत्रफल घटे पनि सिँचाइ, खेती प्रणालीमा सुधार, रोगकिरा नियन्त्रण, उन्नत बिउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके धानको उत्पादकत्व बढ्ने कृषिअर्थ विज्ञ पौडेलको भनाइ छ।

## कक्षा १२ को परीक्षाफल प्रकाशित

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा प्रकाशित गरेको छ । शनिबार साँझ प्रकाशित नतिजाअनुसार नियमिततर्फ ६१ दशमलव १७ र आंशिकतर्फ ३६ दशमलव ४९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्।

गत वैशाख २१ गतेदेखि सञ्चालन गरिएको परीक्षामा नियमिततर्फ तीन लाख ९६ हजार ३४७ परीक्षार्थी सहभागी भएकामा दुई लाख ४२ हजार ७६५ विद्यार्थीले ग्रेड प्राप्त गरेका छन्। यसमा ३८ दशमलव ८३ विद्यार्थीले 'ननग्रेड' प्राप्त गरेका बोर्डले जनाएको छ । यस्तै, आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी सहभागी भएकामा ४१ हजार ८४० ले ग्रेड प्राप्त गरेका छन्।

समग्रमा कुल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीमध्ये दुई लाख ८४ हजार ३०५ जनाले ग्रेड प्राप्त गरेका बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो । यस्तै, नियमिततर्फ ११ र आंशिकतर्फ छ गरी १७ जनाको परीक्षा रद्द गरिएको छ।

ननग्रेड आएका विद्यार्थीको ग्रेडवृद्धि परीक्षा आगामी भदौ २८ र २९ गते सञ्चालन हुने बोर्डले जनाएको छ।

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू

◆सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
◆आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
◆सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
◆सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
◆झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
◆घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
◆रातको समयमा बुट लगाएर टर्च लाईट बालेर मात्र हिडौं,
◆घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
◆झुल लगाएर खाटमा मात्र सुतौं।
सर्पको टोकाइबाट आफु पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोस्रो पर्वतीय दौड प्रतियोगिताको पुरस्कार राशि दोब्बर

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

विश्व शान्ति तथा पर्यटन दिवसका सन्दर्भमा यहीँ असोज ४ गते पोखरामा आयोजना हुने दोस्रो पर्वतीय दौड प्रतियोगिताका बिजेता गतवर्षको भन्दा दोब्बर पुरस्कार राशिसहित पुरस्कृत हुने भएका छन् ।

आयोजक संस्था पोखरा क्लिकले सरोकारवालासँगका विभिन्न चरणका छलफलबाट प्राप्त सुझाव र सल्लाहलाई अनुशरण गर्दै प्रतियोगिताका इभेन्टलाई पनि व्यवस्थित गरी नगद पुरस्कार राशिमा करिब ६६ प्रतिशतले वृद्धि गरेको हो । गत वर्ष ६८ हजार नगद राशिद्वारा छ जना धावक पुरस्कृत भएकामा यस वर्ष नगद दुई लाख छहजार रुपैयाँसहित १८ धावक पुरस्कृत हुने भएका छन् । प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले ५० हजार नगद प्राप्त गर्ने छन् । यस्तै, दोस्रो, तेस्रो, चौथो र पाँचौँलाई क्रमशः ३० हजार, १५ हजार, सातहजार, तीनहजार र छैटौँदेखि १० औं स्थानसम्म दुरी पूरा गर्ने धावकलाई जनही एकहजार नगद मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिने प्रतियोगिता संयोजक दीननाथ बरालले बताउनु भयो । गत वर्ष खुलातर्फको इभेन्टमा प्रथम, द्वितीय र तृतीयलाई नगद पुरस्कार क्रमशः २५ हजार, १५ हजार र सातहजार रुपैयाँ रहेको थियो । यसैगरी,




वडास्तरीय खुला, महिला र यू-१६ तर्फका विजेता जनही १५ हजार र उपविजेता जनही सातहजार रुपैयाँसहित मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत हुने भएका छन् । प्रतियोगितामा यस वर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारकोसमेत व्यवस्था गरेको आयोजक संस्थाले जनाएको छ । भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही १५ हजार रुपैयाँका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिने कार्यक्रम व्यवस्थापक सागर सुनारले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले आफ्नै जन्मभूमिमा आयोजना हुने यस्ता गतिविधि जन्मभूमिको पहिचानसँगै राष्ट्रिय गौरवसँग जोडिने भएकाले प्रतियोगितालाई खेलकुदसँगै पर्यटन र अर्थतन्त्रसँग जोडेर बृहत् आयामबाट हेर्नुपर्नेमा धारणा राख्नुभयो । पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले पुम्दीभुम्दी क्षेत्र आफैँमा पर्यटकीय सम्भावना बोकेका स्थान भए तापनि यस्ता कार्यक्रमले अन्य गन्तव्यको प्रवर्द्धनमा सहयोगी हुने बताउनु हुन्छ । विश्व शान्ति स्तुप समितिका सचिव दुर्गाबहादुर गुरुङले पुम्दीभुम्दीमा पर्यटकीय सम्भावना बोकेका तारेभिर, फिलिङ्गघारी, थाप्लेडाँडालगायतका क्षेत्रको प्रवर्द्धन गरी पर्यटकीय राजधानी पोखरा आएका पर्यटकको बसाइँ लम्ब्याएर आर्थिक समृद्धिसँगै पुम्दीभुम्दीलाई पर्यटकीय गन्तव्यको हब बनाउने प्रतियोगिताको उद्देश्य रहेको धारणा राख्नुहुन्छ । कालाबाङ घरेडी बुद्धपार्क समितिका अध्यक्ष लाल गुरुङले खेल पर्यटन पर्वद्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड उद्घोषका साथ अन्नपूर्ण, माछापुच्छ्रेलगायतका हिमशृङ्खलाको दृश्यावलोकनसहित सञ्चालन हुने हुने दौड प्रतियोगिताले विश्वको ध्यान खिच्ने सामर्थ्य राख्ने बताउनु हुन्छ । प्रातियोगिताका प्राविधिक ओम गुरुङले दोस्रो पर्वतीय दौडको आरम्भ बिन्दु विश्व शान्ति स्तुपः, जाँचबुझ बिन्दु विशाल पुम्दीकोट महादेव मन्दिर र समापन बिन्दु पछिल्लो पर्यटकीय गन्तव्य कालाबाङ घरेडी बुद्ध पार्कसम्म गरी आठ किलोमिटर निर्धारण गरिएको बताउनु भयो । १६ लाख ९१ हजार रूपैयाँ लागत लाग्ने प्रतियोगितामा विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्ध पार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, परिचय एड् भर्टाइजिङ, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्लगायत स्थानीय व्यावसायिक संस्थाको सहयोग रहेको पोखरा क्लिकका वरिष्ठ संवाददाता असफल गौतम बताउनु हुन्छ । नेपाल पर्यटन बोर्डको प्रवर्द्धन, प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका वडा २२ को सहकार्य रहेको प्रतियोगितामा मेडिकल पार्टनर रहेको नेलम्बो नेपालले तेस्रो पुरस्कारसमेत प्रायोजन गरेको छ । प्रतियोगिताको अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन जोडिएको छ भने आधिकारिक ड्रिङ्किङ वाटरकारूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ ।

# हरिहर मन्दिरमा भक्तजनको आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

साउनको तेश्रो सोमवार शिवालयहरुमा आज विहानै देखि भक्तजनको भिड को देखिएको । सेतीनदीमा स्नान गरि शिवलिङ्गमा गाईको दुध र वेलपत्र चढाउदा मनोकांङ्क्षा पुरा हुने विश्वास भक्तजनले शिवालयमा दर्शन गर्ने प्रचनल छ ।

त्यस्तै पोखराका एउटा ऐतिहासिक, पुरातात्विक एवम् धार्मिक स्थल हो पोखरा १७ सितापाईलास्थित सदाशिव सिद्धेश्वर हरिहर मन्दिर जुन मन्दिरमा साउनका प्रत्येक सोमवार भक्तजनहरुको भिड लाग्ने गरेको छ । सेतीनदीको सिताघाटबाट स्नान गरि भक्तजनले ल्याइएको जल मन्दिर परिसरमा निर्मित एक सय आठ शिवलिङ्गमा चढाउनुको साथै हरिहरको दर्शन गरेर दिन भरि उपवास वस्ने प्रचलन रहेको छ । सेतीनदी र मन्दिरको दुरी लगभग एकसय मिटर मात्र रहेको छ । उक्त मन्दिर परिसरमा २२ लाख भन्दा बढीको लागतमा निर्मित १०८ शिवलिङ्ग र १०८ गौमुखे धारा निर्माणले यस क्षेत्रको धार्मिक महत्व बढनुको साथै साउन महिनामा भक्तजनको उल्लेखनिय सहागिता रहदै आएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीले जानकारी दिनुभयो ।

साउन महिनाको अन्तिम सोमवार मन्दिरमा महाआरती र लाखेनाच समेत प्रदर्शन गरिने तयारी भई रहेको छ बताउँदै



उहाले भन्नुभयो, यस क्षेत्रमा हुने प्रत्येक कृयाकलापले धार्मिक गतिविधि बढनुका साथै मन्दिरको आम्दानी बढेको छ । भक्तजनले स्वरुफुर्त सहयोग काटेको रसिदवाट साउन महिनामा ६८ हजार आम्दानी भएको थियो । दानवाकर र मन्दिर शिवलिङ्गमा चढाएको दान गणना भएको छैन । उहाँले भन्नुभयो,तत्कालिन कास्कीकोटका राजा कुलमण्डल शाहलाई सेतीनदीस्थित सिताघाटमा स्नान गर्ने क्रममा हरिहरको दर्शन प्राप्त भई सो क्षेत्र देवदेवीको बासस्थान भएको र आफु शिलाको रुपमा रहेको दिव्यवाणी भई खोज्ने क्रममा काफ्ली गाईले दूध चढाई रहेको शिला भेटिएपछि उक्त पुण्येभूमिमा मन्दिर निर्माण गरि नित्य पुजा सञ्चालन हुँदै आएको किम्मदन्ति रहेको छ ।

मन्दिर निर्माण गरिएसंगै नित्य पुजा सञ्चालनका लागि पोखरा महानगरपालिका वडा नं. १७ पार्दी विरौटामा २९ रोपनी १२ आना गुठी जग्गाको व्यवस्था गरिएको विक्रम सम्वद १८६४ मा प्राप्त लालमोहरले पुष्टि गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीले जानकारी दिनुभयो ।

हरिहरको दर्शन गर्दा आफुले सोचेको पुग्ने हुँदा प्रत्येक बर्ष माघे सङ्क्रान्तिका दिन लाग्ने ढुङ्गेसाँघु मेला, शिवरात्री, रामनवमी लगायताका विभिन्न पर्वको अवसरमा दर्शनार्थीको भिड लाग्ने गर्दछ ।

उक्त धार्मिक क्षेत्रमा १०८ शिवलिङ्ग र १०८ गौमुखे पानीका धारा निर्माणले थप आकर्षण बढेको उहाँको भनाई छ । अध्यक्ष भण्डारीले भन्नुभयो, सिताघाटमा स्नान गरि हरिहर मन्दिर, अकालादेवी, सिताको पाईला, राम मन्दिर , शिद्धेश्वर, लगायतका देवदेवीको वासस्थान रहेको यस पवित्र भूमिमा मानव फउण्डेशन नेपालले लगायतको सत कुण्डीय कोटिहोमको मुख्य होमन कुण्ड मन्दिर परिसरमा रहेको जुन कुण्डमा अहिले पनि नित्य होमन भई रहेको छ ।

# सडक मानवमुक्त प्रदेशको यात्रामा सरकार र समाज एकसाथ अघि बढ्दैछ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले सडक मानवमुक्त प्रदेशको यात्रामा सरकार र समाज एकसाथ अघि बढिरहेको बताएका छन् ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मानवसेवा आश्रम पोखरामा एनएमबी बैंकद्वारा आयोजित सौर्य उर्जा हस्तान्तरण कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

गण्डकी प्रदेश सरकारको सडक मानवमुक्त प्रदेश निर्माणको परिकल्पनालाई सार्थक बनाउने क्रममा मानवसेवा आश्रमसँगको सहकार्यलाई उनले एक महत्वपूर्ण नीतिगत पहलकदमीको रूपमा व्याख्या गरेका छन् । सामाजिक उत्तरदायित्वका माध्यमबाट सञ्चालनमा रहेको



मानवसेवा आश्रमलाई आश्रय, माया र सम्मान खोजिरहेका जीवनहरूको आशालु केन्द्र भन्दै सरकार सधैं यस सेवामूलक यात्रामा साथमा रहने प्रतिबद्धता उनको छ । मन्त्री थापाले आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश सरकारले मानवसेवा आश्रमका विभिन्न इकाइहरूको व्यवस्थापनका लागि कुल रु. १ करोड १८ लाख १० हजार बजेट विनियोजन गरेको जानकारी गराए । जसमा पोखरास्थित आश्रमका लागि ७० लाख, लमजुङका लागि १२ लाख ६० हजार,गोरखा जिल्लाका लागि रु. १४ लाख ५० हजार र बागलुङका लागि रु. २१ लाख विनियोजन गरिएको छ ।

त्यस्तै, वर्तमानमा आश्रमलाई मासिकरूपमा दिइँदै आएको रु. ३ हजार सहयोग राशी न्यून रहेको महसुस गरिएको भन्दै मन्त्री थापाले यसमा आवश्यक समायोजन गरिने संकेत समेत दिएका छन् । "मानवसेवा आश्रम स्वयंसेवी भावना, समर्पण र सेवा प्रवाहको अनुपम उदाहरण हो। ऊर्जा हस्तान्तरणजस्तो सहयोगले यसको सेवा अझ प्रभावकारी र सशक्त हुने विश्वास लिएको छु। यस सेवामा ऊर्जा थप्नु भनेको समाजको मानवताको मुटुमा उज्यालो थप्नु हो।", उनले भने । सामाजिक न्याय, समावेशी सेवा र दिगो ऊर्जा प्रवर्द्धनलाई मूलमन्त्र मानेर अगाडि बढिरहेको गण्डकी प्रदेश सरकारले यस्ता सहकार्यलाई अझ सुदृढ बनाउने उनले उल्लेख गरे । मानवसेवा आश्रम जस्ता संस्था सरकारका लागि साझेदार मात्र नभई समाज परिवर्तनका उत्प्रेरक भएको भनाई उनको छ ।

# इन्डोनेसियाको बाली र भियतनामको हानोईमा पोखराको पर्यटन प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

इम्ब्रोइडरी एण्ट गार्मेन्ट्स एशमोसिएसन(एगा) पोखराले यही साउन ९ गतेदेखि १९ गतेसम्म इन्डोनेसियाको बाली र भियतनामको हानोई शहरमा पोखराको पर्यटन प्रवर्द्धन गरेको छ ।

संस्थाले आफ्नो वार्षिक कार्यक्रम अन्तर्गत स्वदेश एवम् विदेशमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा यस वर्ष अन्तराष्ट्रिय कार्यक्रम अन्तर्गत इन्डोनेसियाको बाली र भियतनामको हानोई लगायत शहरमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सम्पन्न गरेको एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो ।

भ्रमणका क्रममा बालीबाट कला र संस्कृतिबारे धेरै जान्न र बुझ्न पाइएको उल्लेख गदै लम्सालले त्यहाँबाट हामी नेपालीले धेरै सिक्न सक्ने बताउनुभयो ।

कला र संस्कृतिको संरक्षण गर्न सकेमा त्यसबाट पर्यटकीय रुपमा धेरै फाइदा लिन सकिने अनुभव त्यहाँबाट हासिल भएको उहाँको भनाइ छ । कार्यक्रमकै क्रममा प्रवर्द्धन टोलीले स्थलगत रुपमा हानोईको ग्रामिण क्षेत्रमा रहेको सिल्कका कपडाको उद्योगहरूको अवलोकन समेत गरेको थियो । कार्यक्रमको इन्टरनेशनल ट्राभल्स व्यवस्थापनको सहजीकरण एगा पोखराका पूर्व अध्यक्ष विश्वराज पोखरेलले गर्नुभएको थियो । भ्रमणका क्रममा तत्तत् स्थानका पर्यटन व्यवसायी एवम् सर्वसाधारणलाई पोखरा सहित



नेपाल भ्रमणका लागि आग्रह गरिएको पोखरेलले जानकारी दिनुभयो ।

प्रवर्द्धन टोलीमा अध्यक्ष लम्साल सहित पूर्व अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेल, निवर्तमान अध्यक्ष इन्द्रप्रसाद भण्डारी, पूर्व अध्यक्षहरू कृष्णकुमार श्रेष्ठ, विश्वराज पोखरेल, जीवनाथ गौतम, कार्यसमितिका पदाधिकारी सहित ३५ जनाको सहभागिता रहेको थियो ।

# पेशागत दक्षताका लागि जनप्रिय क्याम्पसमा प्राध्यापक तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन

पेशागत दक्षतालाई प्रवर्द्धन गर्ने उद्देश्यले जनप्रिय बहुमुखी क्याम्पस पोखरामा प्राध्यापक पेशागत विकास तालिम सुरु भएको छ ।

विश्वविद्यालय अनुदान आयोगको सहयोगमा तालिम साउन १८ गतेदेखि २३ गतेसम्म जनप्रिय क्याम्पसको अन्नपूर्ण हलमा सञ्चालन हुनेछ । तालिमको उद्घाटन गर्दै युजिसीका अध्यक्ष प्राडा देवराज अधिकारीले देशभरका सामुदायिक क्याम्पसमा गुणस्तरीय पठनपाठन सुनिश्चित गर्न ७ वटा तालिम केन्द्रहरू स्थापना गरिएको जानकारी दिए । विद्यार्थी भर्ना दरमा कमी र कक्षा छाड्ने दरमा वृद्धि हुनुको पछाडि प्रभावकारी अध्ययन-अध्यापनको अभाव एक कारण हो, अध्यक्ष अधिकारीले भने, त्यसैले नेहेप प्रोजेक्ट अन्तर्गत जनप्रिय क्याम्पस जस्ता अग्रणी क्याम्पसहरूलाई तालिमको जिम्मेवारी दिइएको हो ।

उनले गण्डकी प्रदेशका ११ ओटा क्युएए प्रत्यायन प्राप्त सामुदायिक क्याम्पसका ३० जना प्राध्यापकहरू सहभागी रहेको तालिमले व्यवहारिक शिक्षामा सुधार ल्याउने अपेक्षा गरिएको बताउँदै अध्यक्ष अधिकारीले सहभागी प्राध्यापकहरूलाई दोस्रो चरणमा तालिम दिनका लागि योग्य बनाउने उद्देश्य रहेको बताए ।

कार्यक्रममा लुम्बिबनी बौद्ध विश्वविद्यालयका पूर्व उपकुलपति तथा युजिसीका प्राविधिक सल्लाहकार प्राडा हृदयरत्न बज्राचार्यले तालिम केन्द्रको सञ्चालनले दक्ष प्रशिक्षक उत्पादन हुने र सामुदायिक क्याम्पसहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि हुने विश्वास व्यक्त गरे ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले सामुदायिक क्याम्पसहरूका लागि प्राध्यापक तालिम कार्यक्रम ऐतिहासिक उपलब्धि भएको बताउँदै सहभागीलाई तालिमको मर्म आत्मसात् गर्न आग्रह गरे ।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले जनप्रिय क्याम्पस विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्राप्त गर्दै आएको र सन् २००७ देखि नै उच्च शिक्षामा सुधारको अभियानमा सक्रिय रहँदै आएको जानकारी दिए । यस वर्ष क्याम्पसले तीनवटा तालिम सञ्चालन गर्ने योजना रहेको पनि उनले बताए ।

तालिममा जनप्रिय, म्याग्दी, गलकोट, जनज्योति, मर्स्याङ्दी, द्रव्यशाह, आदिकवि भानुभक्त, कालिका, गुप्तेश्वर महादेव, कन्या, पोखरा बहुमुखी क्याम्पसका ३० जना प्राध्यापक सहभागी रहेका छन् ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# प्राथमिकतामा नपरेको कृषि

नेपालमा मनसुन चाँडै प्रवेश गरेपनि लामो समय पानी नपर्दा करिब १७ प्रतिशत खेतमा धान रोपाइँ हुन सकेको छैन।विगतमा भन्दा १३ दिन अघि नेपालमा मनसुन भित्रिएको थियो । चाँडै मनसुन भित्रिएपछि समयमै धान रोपाइँ हुने आश गरेका किसानलाई लामो समय पानी नपर्दा निराश बनाएको छ । रोपेको खेतमा पनि पानी नपर्दा जमिन फाटेको छ । अन्नभण्डार तराईमा खडेरीले गर्दा करिब ४३ प्रतिशत खेतमा धान रोपाइँ हुन सकेको छैन । अन्नको भण्डारमा ४३ प्रतिशत खेतमा धान रोपाइँ हुन नसक्दा त्यसको बहुआयामिक असर पुऱ्याउन सक्छात्यही अवस्थालाई आकलन गरेर सरकारले तराई मधेसलाई संकटग्रस्त घोषणा गरेको छ ।

यतिखेर धान रोपाइँ सकेर पानी लगाउने र गोडमेल गर्ने हो। विडम्बना ।साउन १८ गतेसम्म देशभर ८३.८८ प्रतिशत धान रोपाइँ सकिएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, साउन १८ गतेसम्म देशभर ८३.८८ प्रतिशत धान रोपाइँ मात्र भएको छ । रोपाइँ भएको खेतमा पानी नपर्दा र सिंचाइ सुबिधा नहुँदा खेत चिरिएको छ। यो वर्षको खडेरीले गर्दा धान उत्पादन कम हुने र खाद्यान्न संकट आउन सक्ने संभावना छ । अघिल्लो वर्ष साउन २० सम्म ९६.४७ प्रतिशत धान रोपाइँ सम्पन्न भएको थियो । यस वर्ष अधिकांश प्रदेशमा अघिल्लो वर्षको तुलनामा रोपाइँ कम भएको तथ्यांक छ । समयमै पानी नपर्दा देशभर राम्रोसँग रोपाइँ हुन पाएको छैन ।

मन्त्रालयका अनुसार, कोसी प्रदेशमा साउन १८ सम्म ८९.०३ प्रतिशत धान रोपाइँ भएको छ। कुल दुई लाख ७६ हजार ३८६.७३ हेक्टर धान रोपाइँ हुने क्षेत्रफलमध्ये दुई लाख ४६ हजार ६५.४४ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो । अघिल्लो वर्षको साउन २० सम्म कोसीमा प्रदेशमा ९५ प्रतिशत रोपाइँ भएको थियो । मधेस प्रदेशमा साउन १८ सम्म जम्मा ५७.२८ प्रतिशत रोपाइँ भएको छ। कुल तीन लाख ७२ हजार ६४५ हेक्टर क्षेत्रफलमध्ये दुई लाख १३ हजार ४३८.९५ हेक्टरमा रोपाइँ सकिएको छ। अघिल्लो वर्ष साउन २० सम्म मधेसमा ९५.२८ प्रतिशत रोपाइँ भएको थियो । वाग्मती प्रदेशमा यस वर्ष ९२.९२ प्रतिशत रोपाइँ भएको छ। कुल एक लाख १५ हजार ६२१.२५ हेक्टर क्षेत्रफलमध्ये एक लाख सात हजार ४३४.२७ हेक्टरमा रोपाइँ भएको तथ्यांक छ। अघिल्लो वर्ष साउन २० सम्म वाग्मतीमा ९७ प्रतिशत रोपाइँ भएको थियो ।

गण्डकी प्रदेशमा यस वर्ष ८८.९७ प्रतिशत रोपाइँ भएको छ। कुल ९४ हजार १८२ हेक्टर क्षेत्रफलमध्ये ८३ हजार ७९४.२ हेक्टरमा रोपाइँ भएको हो । अघिल्लो वर्ष गण्डकी प्रदेशमा साउन २० सम्म ९६ प्रतिशत रोपाइँ भएको थियो । लुम्बिनी प्रदेशमा यस वर्ष ९५.९६ प्रतिशत रोपाइँ भएको छ। कुल तीन लाख दुई हजार ९३९ हेक्टर क्षेत्रफलमध्ये दुई लाख ९९ हजार ७०८ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो। अघिल्लो वर्ष साउन २० सम्म उक्त प्रदेशमा ९७ प्रतिशत रोपाइँ भएको थियो । कर्णाली प्रदेशमा यस वर्ष ९६.४७ प्रतिशत रोपाइँ भएको छ। कुल ४१ हजार ४२ हेक्टर क्षेत्रफलमध्ये ३९ हजार ५९४.९४ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो। अघिल्लो वर्ष साउन २० सम्म कर्णालीमा ९९ प्रतिशत रोपाइँ भएको थियो । सुदूरपश्चिम प्रदेशमा यस वर्ष ९९.७२ प्रतिशत रोपाइँ भएको छ । कुल एक लाख ७६ हजार १५१ हेक्टर क्षेत्रफलमध्ये एक लाख ५७ हजार ६५२ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो। अघिल्लो वर्ष साउन २० सम्म सतप्रतिशत रोपाइँ भएको थियो ।

देशभर यस वर्ष कुल १३ लाख ७८ हजार ९६६.९८ हेक्टर धान रोपाइँ हुने क्षेत्रफलमध्ये ११ लाख ५६ हजार ६८७.८ हेक्टरमा रोपाइँ भएको छ। यो कुल क्षेत्रफलको ८३.८८ प्रतिशत हो। अघिल्लो वर्ष साउन २० सम्मको तथ्यांकअनुसार देशभर ९६.४७ प्रतिशत रोपाइँ भएको तथ्यांक छ। कृषि प्रधान देशमा समयमै रोपाइँ हुन नपाएको , सिंचाइ, मल र उन्नत विउका बारेमा संसदमा छलफल हुनुपर्नेमा अन्य विषय र गाली गलौजमा उत्रनु “विनाश काले, विपरीत बुद्धि “जस्तै हो।राजनीतिक दलको बैठकमा कृषिको बारेमा एजेन्डा नहुनु हामी कति पछाडि छौ भन्ने देखाउँछ । संसद, राजनीतिक दल, मिडियामा र नागरिकमा कृषिलाई प्राथमिकता नदिनु देशलाई पछाडि तान्ने काम हो । अब त प्राण धान्ने अन्न, जमिन ,जल र हावापानीका विषय सबैको साझा बनाउनु जरुरी छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# प्लास्टिकजन्य फोहरले बुकीपाटन कुरुप बन्ने खतरा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ साउन

स्याङ्जाको पुतलीबजार नगरपालिकाले बाँझो जमिनलाई उपयोगमा ल्याउने नीति अवलम्बन गरेको छ । नीति अनुसार बाँझो जमिन उपयोग गर्ने कृषकलाई प्रतिरोपनी २ हजार अनुदान दिने भएको छ । नगरपालिकाले उक्त कार्यक्रमसँगै कृषि मार्फत समृद्ध नगर बनाउने अभियान अघि बढाएको छ।

जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्दै खेतीमा आर्कषण बढाउन नगरपालिकाले उक्त नीति लिएको हो। बाँझो जमिनमा खेती गर्ने नीतिमा कृषकलाई प्रतिरोपनी २ हजार नगद अनुदान उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख तुलसीराम रेग्मीले जानकारी दिए।

‘पैसा कमाउनका लागि शहर तथा बिदेश जाने क्रम बढेसँगै यहाँका धेरै जग्गा जमिन बाँझो हुँदै गयो ।’ प्रमुख रेग्मीले भने, ‘ यहाँ बसेर फलफूल तथा तरकारी उत्पादन गर्नेले राम्रो आयआर्जन गर्न सकिन्छ भन्ने उदाहरणहरु पनि धेरै छन् ।’ नगरको संभाब्यता अध्ययन गरी आर्थिक वर्ष २०८२/०८३ बाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरिएको रेग्मीले बताए।

नगरपालिकाले संघ, प्रदेश सरकारसँगको साझेदारीमा पशु, उद्यम, कृषि, पर्यटनका क्षेत्रमा सहयोग पुग्नेगरी रोजगारी ब्यवस्था गर्ने जनाएको छ । कृषिमा आधुनिकीकरण, यान्त्रिकरण, सिंचाई, माटो परिक्षण, कृषक सूचिकृत, ‘एक वडा, एक नर्सरी’ कार्यक्रम संचालन गर्न कृषक लक्षित कार्यक्रम समाबेश गरेको नगरपालिकाले जनाएको छ। जिल्लामा सुन्तला, कफीसँगै मौसमी तथा बेमौसमी तरकारी, मकै, धान, कोदो, अदुवा अत्यन्तै उत्पादन हुने कृषि उपज हुन। जिल्लाका ११ पालिकामध्ये पुतलीबजारमा धेरै सुन्तला उत्पादन हुने पाखोबारी समेत सुन्तलाका मौसममा पहेंलपुर देखिन्छन्। एउटै वडामा करोडौ मुल्यका सुन्तला फल्ने र बिक्री वितरण हुँदै आएको छ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने पालिकाको उद्देश्य रहेको नगर उपप्रमुख देवी अर्यालले बताईन् । निर्वाहमूखी कृषकलाई मौसम अनुसारका फलफूल, तरकारी र खाद्यान्नमा गुणस्तरीय बीउबिजन, बिरुवा, कृषि औजार तथा उपकरणलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने नीति नगरपालिकाले अगाडी सारेको छ।

नगरपालिकाले पुतलीबजारलाई सुन्तला शहरको रुपमा विकास गर्न सुन्तलाको उत्पादन, गुणस्तरको ब्यवस्थापन र बजारीकरणमा समेत सहज बनाउने नीति लिएको प्रमुख प्रशासकिय अधिकृत धर्मराज ढुङ्गनाले बताए । उत्पादित सुन्तलाको बहुआयामिक उपयोगमा ल्याउन नगरपालिकाले ध्यान केन्द्रित गरेको ढुङ्गानाको भनाई छ।

# बाँझो जमिनमा खेती गर्नेलाई २ हजार

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १९ साउन

स्याङ्जाको पुतलीबजार नगरपालिकाले बाँझो जमिनलाई उपयोगमा ल्याउने नीति अवलम्बन गरेको छ।

नीति अनुसार बाँझो जमिन उपयोग गर्ने कृषकलाई प्रतिरोपनी २ हजार अनुदान दिने भएको छ। नगरपालिकाले उक्त कार्यक्रमसँगै कृषि मार्फत समृद्ध नगर बनाउने अभियान अघि बढाएको छ।

जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गर्दै खेतीमा आर्कषण बढाउन नगरपालिकाले उक्त नीति लिएको हो। बाँझो जमिनमा खेती गर्ने नीतिमा कृषकलाई प्रतिरोपनी २ हजार नगद अनुदान उपलब्ध गराउने निर्णय गरिएको नगरप्रमुख तुलसीराम रेग्मीले जानकारी दिए।

‘पैसा कमाउनका लागि शहर तथा बिदेश जाने क्रम बढेसँगै यहाँका धेरै जग्गा जमिन बाँझो हुँदै गयो ।’ प्रमुख रेग्मीले भने, ‘ यहाँ बसेर फलफूल तथा तरकारी उत्पादन गर्नेले राम्रो आयआर्जन गर्न सकिन्छ भन्ने उदाहरणहरु पनि धेरै छन् ।’ नगरको संभाब्यता अध्ययन गरी आर्थिक वर्ष २०८२/०८३ बाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरिएको रेग्मीले बताए । नगरपालिकाले संघ, प्रदेश सरकारसँगको साझेदारीमा पशु, उद्यम, कृषि, पर्यटनका क्षेत्रमा सहयोग पुग्नेगरी रोजगारी ब्यवस्था गर्ने जनाएको छ । कृषिमा आधुनिकीकरण, यान्त्रिकरण, सिंचाई, माटो परिक्षण, कृषक सूचिकृत, ‘एक वडा, एक नर्सरी’ कार्यक्रम संचालन गर्न कृषक लक्षित कार्यक्रम समाबेश गरेको नगरपालिकाले जनाएको छ। जिल्लामा सुन्तला, कफीसँगै मौसमी तथा बेमौसमी तरकारी, मकै, धान, कोदो, अदुवा अत्यन्तै उत्पादन हुने कृषि उपज हुन । जिल्लाका ११ पालिकामध्ये पुतलीबजारमा धेरै सुन्तला उत्पादन हुने पाखोबारी समेत सुन्तलाका मौसममा पहेंलपुर देखिन्छन् । एउटै वडामा करोडौ मुल्यका सुन्तला फल्ने र बिक्री वितरण हुँदै आएको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने पालिकाको उद्देश्य रहेको नगर उपप्रमुख देवी अर्यालले बताईन् । निर्वाहमूखी कृषकलाई मौसम अनुसारका फलफूल, तरकारी र खाद्यान्नमा गुणस्तरीय बीउबिजन, बिरुवा, कृषि औजार तथा उपकरणलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने नीति नगरपालिकाले अगाडी सारेको छ।

नगरपालिकाले पुतलीबजारलाई सुन्तला शहरको रुपमा विकास गर्न सुन्तलाको उत्पादन, गुणस्तरको ब्यवस्थापन र बजारीकरणमा समेत सहज बनाउने नीति लिएको प्रमुख प्रशासकिय अधिकृत धर्मराज ढुङ्गनाले बताए। उत्पादित सुन्तलाको बहुआयामिक उपयोगमा ल्याउन नगरपालिकाले ध्यान केन्द्रित गरेको ढुङ्गानाको भनाई छ।

# संस्कृत विद्यालयमा निर्माण गरिएको शंकरको जटाबाट निस्कने जलधाराको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १९ साउन



पोखराको संस्कृत माध्यमिक विद्यालय परिसरमा निर्माण गरिएको जलाशय भित्र निर्माण गरिएको भगवान शंकरको जटाबाट निस्कने जलधाराको केदारेश्वर महादेव मणी मन्दीरका पीठाधिस चिद्घन चैतन्यजी महाराजले आज एक समारोहबीच उद्घाटन गर्नु भएको छ।

विद्यालयको आन्तरिक स्रोत र डिभिजन वन कार्यालय कास्कीको सहयोगमा निर्माण गरिएको सो उद्यानको लागत ५ लाख ९२ हजार रहेको छ । सो उद्यानको उद्घाटन गर्नुहुदैं चैतन्यजी महाराजले आत्मसन्तुष्टि प्राप्त गरी स्थिर मन भएर गरेको धर्म मात्र सार्थक हुने बताउँदै धर्मले सबैलाई एकतामा बाध्ने स्पष्ट पार्नुभयो। उहाँले धर्मको बारेमा बोल्नुहुदैं कुनै व्यक्तिको काम र कर्तव्यबाट पनि प्राप्त हुने स्पष्ट पार्नु भयो। भोकभोकै बसेर मन्दिरको दर्शन गरी लाखौं दान गरे पनि मनमा शान्ती र स्थितरता भएन भने त्यस्तो व्यक्तिले गरेको धर्मको कुनै अर्थ नहुने स्पष्ट पार्नु भयो । उहाँले धर्म र संस्कृति भनेको राष्ट्रको मुल मर्म भएकाले कुनै पनि अभिभावकले आफ्ना सन्ततीलाई धर्मको बारेमा सिकाउनुभयो । गुरु चैतन्यले विदेश जाने छोराछोरीहरुलाई विदेश नजान आग्रह समेत गर्दै देशमै बसेर सेव ागर्न प्रेरित गर्नुभयो। विद्यालय व्यवस्थापन समितीका अध्यक्ष विष्णुप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष एवम् गोरखा पत्र दैनिकका व्युरो प्रमुख रमेश पौडेललाई पत्रकारीता क्षेत्रबाट धर्म संस्कृति र शैक्षिक क्षेत्रमा पुर्याएको योगदानको कदर गर्दै सम्मान समेत गरिएको थियो । कार्यक्रममा विद्यालयका प्रध्यायानाध्यापक श्रीकृष्ण सिग्देल, प्रा. डा जगनाथ रेग्मी लगायतले धर्म संस्कृति र संस्कृत शिक्षाका बारेमा बोल्नु भएको थियो । सो विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म पढाइ हुने गरेको छ। यहाँ हाल २६० जना विद्यार्थी अध्ययनरत रहेका छन्। ७० जना विद्यार्थीहरुलाई निशुल्क आवास तथा भोजनको व्यवस्थासमेत विद्यालयले गर्दै आएको छ। जसका लागि गुरुकुल शिक्षाको संर्वद्धन र प्रर्वद्धनका लागि भन्दै अक्षयकोष खडा गरिएको छ। सो कोषमा हालसम्म ६५ लाख रुपैयाँ जम्मा भएको विद्यालय व्यवस्थापन समितीका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो। संस्कृत विद्यालय भएपनि सो विद्यालयमा वेद कर्मकाण्ड लगायत अंग्रेजी, विज्ञान, गणित विषयसमेत पढाई हुदाँ सो विद्यालयमा आउने विद्यार्थीको संख्यामा वृद्धि भएको सो विद्यालयका प्रअ सिग्देलको भनाई छ।

# प्रदेश अस्पतालमा एकैपटक बाह्र वटा प्रयोगशाला

**पोखरापत्र संवाददाता**
पर्वत, १९ साउन

यहाँको प्रमुख स्वास्थ्य संस्थाका रूपमा रहेको प्रदेश अस्पताल पर्वतमा एकैपटक १२ वटा प्रयोगशाला सञ्चालनमा ल्याइएको छ।

अब बिरामीले आधुनिक प्रविधिबाट स्वास्थ्य सम्बन्धी समस्याको प्रयोगशाला परीक्षण यहीँबाट गर्न सक्ने भएका छन् । हालसम्म उपलब्ध परीक्षणसम्बन्धी सेवा पर्याप्त नहुँदा आधुनिक र थप परीक्षणका लागि पोखरा वा अन्य ठाउ जानुपर्ने बाध्यता अब हटेको अस्पतालले जनाएको छ । अस्पतालमा हालै थपिएका प्रयोगशालासम्बन्धी सेवाले धेरै बिरामीलाई जिल्लाकै उपचारले थप राहत प्रदान गर्ने भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा हेमन्त बाँस्तोलाले बताउनुभयो।

उहाँका अनुसार नयाँ थप गरिएका परीक्षण सेवामा भिटामिन डी, भिटामिन बी-१२, पीएसए, बी-एचसीजी, एन्टी टिपिओ, आइरन प्रोफाइल, एएनए, एन्टी डीएसडीएनए, फेरिटिन, सीआरपी क्वान्टिटेटिभ, आरए क्वान्टिटेटिभ तथा रेटिकुलोसाइट काउन्ट जस्ता विश्लेषणात्मक परीक्षण समावेश गरिएका छन् ।

यी परीक्षणबाट विशिष्ट स्वास्थ्य समस्याको पहिचान गर्न सहज हुने अस्पतालले जनाएको छ । यस सुविधामार्फत कुश्मा तथा आसपासका जिल्लाका सर्वसाधारणले उपत्यका वा अन्य सहर जानुपर्ने झन्झटविना अत्याधुनिक प्रयोशाला परीक्षण सेवा सुलभ रूपमा प्राप्त गर्न सक्ने भएका छन् ।

# मध्यकालीगण्डकी जलविद्युत् आयोजना निर्माण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका भएर बग्ने कालीगण्डकी नदीबाट विद्युत् उत्पादन गर्न जलविद्युत् आयोजना निर्माण सुरु भएको छ। कालीगण्डकी नदीमा निर्माण हुन लागेको यो पहिलो आयोजना हो । हाइड्रो सपोर्ट कम्पनीले ६६ दशमलब तीन मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजना निर्माण थालेको हो । सिभिल ठेकेदार रसुवा-मल्टी जेभीले अन्नपूर्ण गाउँपालिका-२ नागढुङ्गामा विस्फोटक पदार्थको प्रयोग गरेर गत हप्तादेखि चार हजार तीन सय १९ मिटर लामो सुरुङ निर्माण सुरु गरेको हाइड्रो सपोर्टका सञ्चालक चन्द्र ढकालले बताउनुभयो।

अडिटको दुरी चार सय ५९ मिटर छ । बाँधतर्फबाट यही साउन महिनाभित्र र आउटलेटबाट हिउँददेखि सुरुङ खन्ने तयारी भएको छ। अन्नपूर्ण गाउँपालिका-३ सुकेबगरमा १२ मिटर अग्लो र ३५ मिटर लामो बाँध बनाइ ल्याउने पानी एक सय ५१ मिटर उचाइबाट अन्नपूर्ण-२ नौनीबगरमा निर्माण हुने भूमिगत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ।

रन अफ दर रिभर प्रकृतिको यस आयोजनाको विद्युत्गृह, स्विचार्ड, कन्ट्रोल रुम जमिनभित्र भूमिगत हुन्छ । रसुवा-मल्टि जेभीका प्रमुख कार्यकारी अधिकृत फणिन्द्रराज पाण्डेले सुरुङ निर्माणका लागि अत्याधुनिक बुमर रोवटिक सटकिटलगायत उपकरण ल्याएको बताउनुभयो । मध्य कालीगण्डकीकोविद्युत्नौनीबगरदेखि सात किलोमिटरमाथि दानामा रहेको २२० केभी क्षमताको सवस्टेशनमार्फत केन्द्रिय प्रणालीमा आवद्ध हुनेछ । आगामी तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेको हाइड्रो सपोर्टका सञ्चालक ढकालले बताउनुभयो । कूल रु १२ अर्ब ९३ करोड लागत अनुमान गरिएको यस आयोजनामा नविल बैंक लिमिटेडको नेत्तृत्वमा छ वटा वाणिज्य बैंकले ७५ प्रतिशत, २५ प्रतिशत प्रर्वद्धक र शेयर लगानीकर्तामार्फत जुटाइने भएको छ । नेपाल विद्युत् प्रधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता हुँदा हिउँदयामको विद्युत् खरिद दर रु आठ ४० पैसा र वर्षायामको दर रु चार रुपैयाँ ८० पैसा कायम भएको छ। आयोजनाबाट हिउँदमा एक सय ३० गिगावाटबाट रु एक अर्ब नौ करोड र बर्खामा दुई सय ७७ गिगावाटबाट रु एक अर्ब ३३ करोड आम्दानी हुने प्रक्षेपण छ । मध्य कालीगण्डकीसहित कालीगण्डकी नदी बेसिनमा तीन सय मेगावाट भन्दा बढी क्षमताका तीन वटा जलविद्युत् आयोजनाले निर्माणको अनुमति लिएका छन् । ६५ मेगावाटको माथिल्लो कालीगण्डकी, एक सय ८० मेगावाटको कालीगण्डकी गर्जले पनि निर्माणको तयारी गरेका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला रुपा गाउँपालिका वडा नं. ०५ (साविक देउराली गा.वि.स.वडा नं. ६) निवासी भारतीय सेनाका पेन्सनर भू.पू. सैनिक नं ५४३७४१५ HAV कृष्ण बहादुर गुरुङको निवेदन अनुसार निजको एकमात्र श्रीमती हिरा गुरुङ भएको श्रीमान् कृष्ण बहादुर गुरुङको पेन्सन पट्टा नं. ४५५०१ मा श्रीमतीको नाम हिरा देवी र नेपाली नागरिकता प्रमाण पत्र नं. ४६-०१-७२-०८४७८ मा हिरा गुरुङ उल्लेख भई फरक पर्न गए तापनि दुवै नामथर भएको व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी भारतीय पेन्सन वितरण कार्यालय, पोखरा कास्कीलाई सिफारिस गरिदिनुहुन सिफारिस साथ अनुरोध गरिन्छ भनी रुपा गाउँपालिका ०५ नं. वडा कार्यालयको च.नं.१०२६ मिति २०८२/०२/२० को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि पत्राचार भएको सबैको जानकारीका लागि यो सूचित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# विद्यालय जोगाउनै मुस्किल, स्याङ्जामा कखरा सिकाएका विद्यालय बिलय

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १९ साउन




मुलुकमा प्रजातन्त्र पुनस्थापना पछि धमाधम खुलेका सामुदायिक विद्यालय संघिय गणतन्त्र आएपछि समायोजन गर्ने क्रम बढेको छ । सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या शुन्य हुन थालेपछि समायोजन गर्ने क्रम बढेको हो । विद्यालय समायोजन मात्रै नभएर कक्षा पनि समायोजनको चपेटामा परेका छन् । मुलुक संघियतामा गएपछि शिक्षालाई स्थानीय सरकारको मातहतमा रहनेगरी कानुनी व्यवस्था गरियो । स्थानीय सरकारको नेतृत्वले सामुदायिक विद्यालय संचालनमा राम्रो मापदण्ड बनाउन नसक्दा र स्थानीय अभिभावकहरुको चासो नहुँदा स्याङ्जामा सामुदायिक विद्यालयहरु बिलय हुने क्रममा पुगेका छन् ।

गत आर्थिक बर्षमा स्याङ्जामा ९ ओटा आधारभुत विद्यालय समायोजनमा परेका छन् भने १० ओटा कक्षा पनि समायोजनमा परेका छन् । शिक्षाको सुरुवातमा कखरा सिकाइने विद्यालयहरु धमाधम समायोजनमा परेका छन् । समायोजनले विद्यालयहरु हराउने अवस्थामा पुगेका छन् भने केही विद्यालयहरु कक्षा समायोजनमा परेर घटुवा हुन पुगेका छन् । यो क्रम हरेक बर्ष बढ्ने सम्भावना स्याङ्जाका स्थानीय सरकारहरुको तथ्याङ्कले देखाइरहेको छ । शिक्षा ऐन अनुसार हरेक कक्षा कोठामा ४५ विद्यार्थी हुनुपर्ने व्यवस्था पछिल्लो समय लागु हुन सकेको छैन । विद्यार्थीको संख्यामा कमी आएपछि यो व्यवस्था लागु गर्न स्थानीय सरकार, विद्यालय व्यवस्थापन समितिलाई धौ–धौ हुन थालेको छ । सरकारी विद्यालयमा भन्दा नीजि विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढ्न थालेको तथ्याङ्कले देखाउन थालेको छ । जिल्लाभर सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी भन्दा नीजि विद्यालयहरुमा विद्यार्थीको संख्या बढ्न थालेको पुर्व प्रधानाध्यापक तथा शिक्षा विद् जिवलाल काफ्लेले बताए । ग्रामिण क्षेत्रमा बस्ने बातावरण नभएपछि बसाइसराई हुनेक्रम बढ्दो छ उनले भने,'बच्चाहरु पढाउन शहर झर्ने, शहर आएपछि पनि नीजि विद्यालयमा बच्चाबच्ची पढाउने प्रचलन बढेको छ ।' अभिभावकको विश्वास सामुदायिक विद्यालयमा नहुँदा विद्यार्थी पाउन नै मुस्किल हुन थाल्यो उनले भने । सरकारी विद्यालयमा पढाउने शिक्षकहरु नै नीजि विद्यालयका संचालक हुने र सरकारी शिक्षकहरुले जिम्मेवारी बोध नगर्दा विद्यालयहरु गाभिने अवस्थामा पुग्न थालेको काफ्लेको बुझाई छ । सरकारी शिक्षकहरुले जिम्मेवारी पुरा नगर्दा सरकारले ल्याएको निशुल्क शिक्षा नीति समेत असफलता तिर जान लागेको देखिएको छ । सबैतहबाट खासै चासो दिन नसकेको तथ्याङ्कले देखाएको छ । जुन परिणाम गतबर्षको एसइई परीक्षाको नतिजाले पनि देखाएको छ । संघियता पछिमात्रै स्याङ्जामा सयौ विद्यालय समायोजनको चपेटामा परेका छन् । यो क्रम अझै केही बर्ष बढ्दोरुपमा रहेको छ ।

विद्यालयमा विद्यार्थीहरु नै भर्ना हुन आउन छाडेपछि स्थानीय सरकारहरुले विद्यालय समायोजन अभियानलाई जोड दिन थालेको अर्का पुर्व प्रधानाध्यापक मुक्तिप्रसाद रेग्मी बताउछन् । शिक्षकले इच्छाशक्ति नदेखाउदा पढाइकै लागि गाउँका बस्ती छाडेर मानिसहरु शहर केन्द्रित हुन थालेको रेग्मीको भनाई छ । सरकारी विद्यालय संचालन गर्न सरकारले मेगा प्रजेक्ट ल्याएर अगाडी बढ्नुपर्ने रेग्मीको सुझाव छ । गत आर्थिक बर्षमा स्याङ्जाका वालिङ नगरपालिका र फेदिखोला गाउँपालिकाले समायोजन गृहकार्य अगालेका छन् । वालिङ नगरपालिकाले ७ ओटा विद्यालय समायोजन गरेको छ भने फेदिखोला गाउँपालिकाले २ ओटा विद्यालय समायोजन गरेको हो ।

समायोजन हुनेमा सबै आधारभुत तहका विद्यालयहरु नै छन् । वालिङ नगरपालिकाको शिक्षा शाखाका अनुसार चक्रदेवी आधारभुत विद्यालय, विद्याज्योति आधारभुत विद्यालय, अमिलिथुम आधारभुत विद्यालय, प्रभात् आधारभुत विद्यालय, जनकल्याण आधारभुत विद्यालय, फुलबारी आधारभुत विद्यालय र बनपाला आधारभुत विद्यालयहरुलाई पायक पर्ने अर्को विद्यालयमा गाभेर बिलय गरिदिएको छ । त्यस्तै फेदिखोला गाउँपालिकाले बाराही आधारभुत विद्यालय र सरस्वती आधारभुत विद्यालयलाई समायोजन गरिदिएको छ । समायोजनमा परेका सबै विद्यालयमा पुर्वाधार भने राम्रो रहेको छ । जसमा सरकारको करोडौ लगानी खेरा गएको छ ।

यसैगरी ११ ओटै स्थानीय तहमध्ये केही स्थानीय तहमा कक्षाहरु समायोजन गरी विद्यालयलाई घटुवा गरिएको छ । आँधीखोला गाउँपालिकामा २, अर्जुनचौपारी गाउँपालिकामा २, चापाकोट नगरपालिकामा १, विरुवा गाउँपालिकामा ३ र कालीगण्डकी गाउँपालिकामा २ गरी १० ओटा कक्षा समायोजन गरिएको छ । आँधीखोलाको डहरेदेउराली आधारभुत विद्यालय, जनज्योती आधारभुत विद्यालय रहेका छन् भने विरुवा गाउँपालिकाको लोकप्रिय आधारभुत विद्यालय, लाकुरीडाँडा आधारभुत विद्यालय, श्यामपोखरी आधारभुत विद्यालय रहेका छन् । त्यसैगरी चापाकोटको कालिका आधारभभुत विद्यालय, अर्जुनचौपारी गाउँपालिकाको देउराली आधारभुत विद्यालय र चण्डीका आधारभुत विद्यालय रहेका छन् । कालीगण्डकी गाउँपालिकाको बिरेन्द्र आधारभुत विद्यालयको कक्षा समायोजन गरी घटुवा गरिएको छ ।

पालिकाका शिक्षा शाखाका अधिकारीहरुका अनुसार केही पालिकाका विद्यालयहरुमा भने विद्यार्थीको पखाईमा रहेकाले पनि समायोजन नगरिएको बताएका छन् । गल्याङ नगरपालिका, भीरकोटनगरपालिका,पुतलीबजार नगरपालिका र हरिनास गाउँपालिकाले विद्यालय समायोजना गर्न हुने वा नहुने भन्ने बिषयमा कार्यदल नै गठन गरेर अनुसन्धान शुरु गरेको जनाएका छन् । कार्यदलले समायोजन गर्नुपर्ने देखिएको सुझाव दिएमा अर्को बर्ष स्याङ्जामा झण्डै २० ओटा सामुदायिक विद्यालयहरु समायोजनमा पर्ने देखिन्छ । कतिपय पालिकाहरुमा संख्याको आधारमा समायोजन भन्दा पनि भुगोलको आधारमा समायोजन गर्न कठिनाई हुनेगरेको तर्क शिक्षा शाखाका कर्मचारीहरुको छ ।

अभिभावकहरुको चासो नहुनु, सडक सन्जालले विद्यालयलाई नछुनु, संस्थागत विद्यालयमा विद्यार्थीको आकर्षण बढ्नु, स्थानीय सरकारको पोलिसी नहुनु, गुणस्तरीय शिक्षामा शिक्षकहरुले जोड नदिनु र राजनीतिक आवरणमा शिक्षकलाई जोगाइराख्ने कारणले गर्दा समुदायिक विद्यालयहरु हराउदै जानेक्रम बढ्न थालेको शिक्षाविद्हरु बताउछन् ।

# संविधानअनुसार सङ्घीयता कार्यान्वयन गरिनुपर्नेमा कार्यवाह प्रधानमन्त्री सिंहको जोड

पोखरापत्र संवाददाता
पोखरा, १९ साउन



मंगलबार पोखरामा संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय कास्कीको नवनिर्मित भवनको उद्घाटन गर्दै उहाँले भन्नुभयो, "ठूला योजना सङ्घले, मध्यम योजना प्रदेश र साना योजना स्थानीय सरकारले बनाउने हो । तर सो अनुसार अहिले कार्यान्वयन हुन सकिरहेको छैन ।"

उहाँले आगामी दिनमा सङ्घीयताको अभ्यास हुँदै जाँदा व्यावहारिक रुपमै कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री सिंहले विकास निर्माणका काम सम्झौताअनुरुप समयमा सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो । सरकारले भौतिक निर्माणलाई समयमै सम्पन्न गर्न कडाइका साथ काम गरिरहेको उल्लेख गर्नुभयो । मन्त्री सिंहले संविधानले परिकल्पना गरेअनुसार अधिकारहरु प्रदेश र स्थानीय तहमा पुऱ्याउन नसकेको स्वीकार गर्नुभयो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उस्तै योजना कार्यान्वयन गर्दा सङ्घीयताको मर्मविपरीत भएको बताउनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सङ्घीय सरकारले निर्माण गरेका पूर्वाधारहरुको पनि महानगरबाट पूरा गर्नुपर्ने प्रक्रिया पूरा गर्नुपर्नेमा जोड दिनुभयो । नवनिर्मित सो कार्यालयको भवन रु चार करोड १७ लाख ३३ हजार ६८६ मा निर्माण गरिएको सङ्घीय आयोजना कार्यान्वयन इकाइ कास्कीका प्रमुख (सिडिई) सुनिता श्रेष्ठले जानकारी दिनुभयो ।

भवन निर्माणको जिम्मा सूर्य कन्स्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो । सो कम्पनीले तोकिएको मितिभन्दा अगावै भवन निर्माण गरेको हो ।

# २६ करोडको लागतमा सिंचाई र तटबन्धन

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ साउन

स्याङ्जामा आर्थिक वर्ष २०८१/०८२ मा झण्डै २६ करोडको लागतमा सिँचाई र नदि नियन्त्रण अर्थात तटबन्धन निर्माण गरिएको छ । जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयले २५ करोड ५० लाखको लागतमा सिँचाई र तटबन्धन निर्माणको काम गरेको हो ।

कार्यालयको पुँजीगत कुल २७ करोड ९९ लाख ९ हजार बजेटमा ९१ दशमलब १० प्रतिशतले हुने २५ करोड ५० लाखको लागतमा सिँचाई र तटबन्धनको काम गरेको छ । प्रदेशको पुँजीगत १३ करोड ९४ लाख ७८ हजार, संघीय सरकारको सशर्त ५ करोड ६२ लाख ६३ हजार र बिशेष अनुदान तर्फको ६ करोड ४९ लाख ८२ हजारको लागतमा सिँचाई तथा तटबन्धनको काम भएको छ ।

उक्त बजेटबाट सिँचाई तर्फ झण्डै २७ किलोमिटर पक्की नहर र करिब ५ किलोमिटर पाईप लाईनको मर्मतसम्भार गरिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार सोहि शिर्षकमा १७ वटा कुलो तथा कुलोको मुहान र ६२ वटा सिँचाईका अन्य संचारनाको निर्माण तथा मर्मत गरेको हो ।

आर्थिक वर्ष २०८१/०८२ मा २ सय ७५ हेक्टर जमिनमा पुऱ्याएको सिँचाई सुविधालाई दिगो र टिकाउ बनाएको कार्यालय प्रमुख किरण आचार्यले बताए । 'कृषक कुलो सुधारबाट १ सय ९४, पुर्नस्थापना, सुधार र संरचना नविकरणबाट ८१ गरी २ सय ७५ हेक्टर जमिनमा सिँचाई पुऱ्याएका छौं ।' प्रमुख आचार्य भने, 'नयाँ बनेका संरचना र मर्मत भएका योजनाहरु दिगो र टिकाउ छन् ।' सिँचाई कार्यालयले गएको वर्ष ड्याम सहित झण्डै २९ सय २० मिटर लम्बाईको पक्की तटबन्धन, करिब ५ सय मिटर तारजाली सहितको पर्खाल (ग्याबिन वाल) र ६ वटा तटबन्धनका अन्य संरचना निर्माण गरेको छ । कार्यालयले ७ सय ३२ तारजालीको प्रयोगबाट नदी नियन्त्रणसँगै विपद्बाट क्षतिग्रस्त संरचना र भूक्षय नियन्त्रण र रोकथाममा योगदान पुऱ्याएको छ ।

विशेष गरी फेदीखोलामा ४, आँधीखोलामा ९, पुतलीबजारमा १६, भीरकोटमा ६, वालिङमा १४, गल्याङमा ८, अर्जुनचौपारीमा ६ र कालिगण्डकीमा ३ वटा योजनाबाट दरौ, आँधीखोला तटबन्धन र सिँचाई सुविधा विस्तारमा झण्डै १५ करोड खर्च गरिएको छ भने उता बिरुवामा २, हरिनासमा ४ र चापाकोटमा ११ योजनाबाट ज्यादीखोलाको नियन्त्रणलाई प्राथमिकता राखेर सिँचाई सुविधा दिगो र भरपर्दो बनाउन १० करोडको हाराहारीमा रकम खर्च गरेको कार्यालयले जनाएको छ । कार्यालयबाट संचालित अधिकांश योजनाहरु बहुवर्षिय छन् भने धेरै योजनाहरु उपभोक्ता समितिबाटै निर्माण गरिन्छ । ठूला र नगन्य आधा दर्जन योजनाहरु मात्रै टेण्डरबाट निर्माण भएको जानकारी दिँदै कार्यालयका सूचना अधिकारी सुनिल के.सी.ले गएको वर्ष जिल्लामा समित र ठेक्कापट्टाबाट झण्डै ९० वटा योजनाहरुको निर्माण तथा मर्मत भएको जनाए ।

जिल्लामा नहर तथा कुलोबाट करिब १० हजार र खहरेखोला, मौसमी वर्षातबाट झण्डै ६ हजार हेक्टर खेती योग्य जमिनमा सिँचाई हुने सरकारी तथ्याङ्क छ । सिँचाईका लागि नहर, कुलो निर्माण तथा सिञ्चित जमिनको क्षेत्रफल बढ्दै गएपनि खेती योग्य भूभाग खुम्चदै गएको तथ्याङ्क छ । आर्थिक वर्ष २०७७/०७८ मा १६ हजार ८ सय ३० हेक्टर जमिन भएकोमा ४ वर्षको अन्तरमा पछिल्लो वर्ष १४ हजार हेक्टर मात्रै खेती योग्य जमिन रहेको तथ्याङ्कले देखाउँछ ।

# सहारामा गऱ्यो एल. जी. एशोशिएसन यु.के.ले कम्प्युटर सहयोग

निखिल सापकोटा
पोखरा, १९ साउन



एल.जी. एसोसिएसन यु.के.ले पोखरा -०९, वसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा ५ थान कम्प्युटर हस्तान्तरण गरेको छ ।

विद्यालयमा एक कार्यक्रमका विच ५ थान कम्प्युटर हस्तान्तरण गर्न पाउँदा खुशी रहेको एल.जी. एसोसिएन नेपालका अध्यक्ष डम्बर जंग गुरुङले बताए । पोखरा मनपा वडा नं ९का वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यमा सञ्चालित कार्यक्रममा विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीले स्वागत मन्तव्य गरेकी थिइन् । विद्यालयको भौतिक, सामाजिक र शैक्षिक अवस्था वारे समेट्दै सहयोगी दाताहरु र अतिथीहरुलाई स्वागत गरेकी थिइन् ।

कार्यक्रममा विशेष अतिथी द्वय एल.जी. एसोसिएन नेपालका अध्यक्ष डम्बर जंग गुरुङ र एल.जी. एसोसिएसन नेपालका वरिष्ठ सल्लाहकार सुनिल गुरूङ ले रु ८० हजार रुपैँया वरावरको ५ थान कम्प्युटर विद्यालयलाई सामूहिक रुपमा हस्तान्तरण गरे । मन्तव्यका क्रममा वरिष्ठ सल्लाहकार सुनिल गुरुङले एल.जी. एसोसिएसन नेपालको विभिन्न देशहरुमा शाखा रहेको जनाउदै यु.के., हङ्कङ, जापान, अष्ट्रेलिया लगाएतका शाखाहरुद्वारा विभिन्न सामाजिक कार्यहरुमा सहभागी भइरहेको बताउँदै एल.जी फेष्ट यु.के.का संयोजक राजेन्द्र गुरुङ (कान्छा) लाई स्मरण गर्दै एल. जी एसोसिएसन यु.के का सदस्यहरु एवम् एल.जी. परिवारलाई धन्यवाद व्यक्त गरे ।

विशेष गरि एल.जी एशोसिएसनको पहलमा हुने एल.जि. फेष्ट अन्तरगत विभिन्न स्थानहरुमा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्ने गरेको जानकारी गराउँदै उक्त साँस्कृतिक कार्यक्रममा संकलित रकमद्वारा विभिन्न सामाजिक कार्यहरुमा सहभागी हुने गरेको बताए ।

कार्यक्रमका प्रमुख अतिथी पोखरा ०९, का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले सहयोगी दाताहरु प्रति आभार व्यक्त गर्दै एल.जि. एसोसिएसन परिवारलाई वडा संग पनि समन्वय गरि आगामि दिनहरुमा कार्यक्रम गर्न उत्सुक रहेको बताए ।

कार्यक्रमको समापनका क्रममा विद्यालयका व्यवस्थापन समिति अध्यक्ष विक्रम थकालीले सहयोगी दाताहरुप्रति धन्यवाद व्यक्त गर्दै प्रदान गरेको कम्प्युटर मार्फत विद्यार्थीहरुको शिक्षण सिकाई र आधुनिक विश्वसंग परिचित हुन प्रभावकारी हुने बताए । सोहि क्रममा एल.जी. एसोसिएसन नेपाल एन्फा प्रेसिडेन्ट कपमा सहभागिताका लागि गण्डकी प्रदेशबाट छनौट हुन सफल भएकोमा बधाई व्यक्त गर्दै सफलताको लागि शुभकामना प्रकट गरे त्यसैगरि एल.जी फेष्ट यु.के.द्वारा सञ्चालित कार्यक्रममा सहभागी दर्शक, कलाकार हरुलाई धन्यवाद ज्ञापन गर्दै एल.जी. एशोसिएसन नेपालको संस्थापक तथा एल.जी. फेष्ट यु.के.का संयोजक राजेन्द्र गुरुङ (कान्छा)लगाएत टिमका सम्पूर्ण सदस्यहरुको योगदानको प्रसंशा गरे । विद्यालयका शिक्षक सुदिप कोइरालाले सञ्चालन गरेको कार्यक्रममा सहयोगी दाताहरु, एल. जी. एसोसिएसन नेपालका पदाधिकारीहरु, एन्फा कास्कीका अध्यक्ष उज्वल रञ्जित, विद्यालयका सल्लाहकारहरु, समिति पदाधिकारी, सहारा क्लबका अध्यक्ष केशवराज बराल, पूर्व अध्यक्ष तथा वर्तमान एवम् निवर्तमान पदाधिकारीहरु, विभिन्न संघसंस्थाकापदाधिकारीहरु,छिमेकीटोल विकास संस्था तथा आमा समूहका पदाधिकारीहरु, अभिभावक, शिक्षक विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

# गण्डकी प्रदेश उपप्रमुख समन्वयको अध्यक्षमा सुवेदी

पोखरापत्र संवाददाता
स्याङ्जा, १९ साउन



गण्डकी प्रदेश भित्रका उपप्रमुखहरुको भेला तनहुँको बन्दीपुरमा सम्पन्न भएको छ । जिल्ला समन्वय समितिका उपप्रमुखहरुको भेलाले गण्डकी प्रदेश समन्वय उपप्रमुख तथा सदस्य समुह गठन गरी तदर्थ समिति निर्माण गरेको छ ।

प्रदेशस्तरीय उपप्रमुख समन्वय समितिको संयोजकमा स्याङ्जाका उपप्रमुख खड्कराज सुवेदी चयन भएका छन् । संयोजकमा चयन भएका सुवेदीकै पहलमा यो समिति गठन गरिएको थियो । उक्त भेलाले तदर्थ समितिको सचिवमा म्याग्दीका डिलकुमारी खत्रीलाई चयन गरिएको छ । अन्य सबै सदस्य रहनेगरी समिति गठन गरिएको संयोजक सुवेदीले जानकारी दिए । सदस्यहरुमा कास्कीका सरिता कुमाल, लमजुङका मुना रिमाल, गोरखाका लिला परियार, मुस्ताङका आइतलाल थकाली, मनाङ्का सुरेन्द्र गुरुङ, पर्वतका सोम जिसी, नवलपुरका शकुन्तला लम्साल, तनहुँका बासुददेव थापा, बागलुङ्का होम सापकोटा रहेका छन् ।

समितिमा प्रत्येक जिल्ला समन्वय समितिका दुईजना सदस्य मनोनित गर्ने व्यवस्था समेत गरिएको छ । जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउने र जिल्ला–जिल्लाको विकास निर्माणमा अनुभव आदनप्रदान गर्ने उदेश्यले यो समिति निर्माण गरिएको संयोजक सुवेदीले बताए ।

जिल्ला समन्वयको भुमिका माथी प्रश्न उठिरहेका बेला यो समिति गठनले जिल्लाको हरेक बिषयमा समन्वयकारी भुमिका खेल्न महत्वपुर्ण भुमिका खेल्ने विश्वास लिइएको छ । ७ प्रदेश मध्ये गण्डकी प्रदेशको उपप्रमुखहरुले समिति गठन गरेर आफ्नो पहिचान कायम राख्ने काम यो पहिलो हो । गण्डकी प्रदेशमा ११ ओटा जिल्ला रहेका छन् । प्रत्येक जिल्लामा बैठक बस्ने र जिल्लाको समस्या र राम्रो कुराको अनुसरण गर्ने गृहकार्य हुने बताएको छ ।